आठबीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## राकमकर्णाली दैलेख

## कर्णाली प्रदेश, नेपाल

आठबिस नगरपालिका नगर कार्यपालिकाको कार्यालय राकमकर्णाली, दैलेख कर्णाली प्रदेश, नेपाल

**ढुङ्गा गिट्टी र बालुवा ठेक्का बन्दोबस्त सम्बन्धि सूचना ।**

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०७५।८।१९)**

आठवीस नगरपालिकाको कार्यालय राकमकर्णाली दैलेखले आर्थिक वर्ष २०७५।०७६ को लागी नगर कार्यपालिकाद्धारा स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिबेदन तथा निम्न उल्लेखित शर्तहरुको अधिनमा रहि ढुङ्गा गिट्टी तथा बालुवा ठेक्का प्रक्रियाद्धारा बिक्रि वितरण गनुपर्ने भएकोले इच्छुक फर्महरुले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) ईच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अद्यावधिक नविकरण गरिएको ब्यबसाय दताको प्रमाण पत्र, कर चुक्तको प्रमाण पत्र, मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र , स्थायी लेखा नंम्बर ( PAN ) दर्ता प्रमाण पत्र, आ.व २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र, नियमअनुसारको तपशिलमा उल्लेखित दरभाउपत्र दस्तुर ( पछि फिर्ता नहुने गरि ) निवेदन साथ पेश गरेपछि यस कार्यलयबाट खरिद गर्न सकिनेछ ।

२) उल्लेखित ठेक्काहरुको कर दस्तुर दर रेट र शर्तहरु बोलपत्र फारममा संलग्न गरिने छ । वोलपत्र फारम रु १००० मा नगरपालिका कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३) आफुले चाहेको ठेक्का र कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्ने छ ।

बोलपत्र फारम साथ जमानत बापतको रकम रु. २१,४५० यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक दैलेख शाखामा रहेको धरौटी खाता नं.४०१०३०३००७११० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिलाल गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको ( बोलपत्र बुझाउने अन्तिम मिति देखि) बैक ग्यारेन्टी विड वन्ड समेत समाबेश गर्नु पर्ने छ ।

४) यस कार्यालयको छाप एंवम कार्यालय प्रमुख वा निजको जिम्मेबारी बहन गर्ने व्यक्तिको सहिछाप नभएको बोलपत्र तथा म्याद नाघी वा रित नपुगि प्राप्त भएको बोलपत्र माथी कुनै कार्वाही हुने छैन । प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

आठबीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## राकमकर्णाली दैलेख

## कर्णाली प्रदेश, नेपाल

५) दरभाउ पत्र खोल्ने समयमा बोलपत्र दाता स्वयम वा निजको प्रतिनिधि उपस्थित नभएमा पनी बोलपत्र खोल्न बाधा भएको मानिने छैन ।

६) कबुल गरिएको रकमको कम्तिमा पनी ५० प्रतिशत रकम एकमुष्ट रुपमा अग्रिम दाखिला गर्नु पर्नेछ । सम्पुर्ण रकम अग्रिम दाखिला गरेमा सो वापत ५ प्रतिशत रकम छुट दिन सकिने छ ।

७) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ ।

८) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ ।

९) बोलपत्र सम्बन्धी थप जानकारीको लागी नगरपालिकाको कार्यालय वा वेबसाइट : www.aathabismun.gov.np, अडियो नोटिस बोड नं. १६१८०८९६९०४७५, इमेल aathabismun@gmail.com, फोन ०८९६९०४७५, सुचना पाटी मार्फत लिन सकिने छ ।

| सि.नं. | ठेक्का नं. | शिर्षक | न्युनत्तम ठेक्का रकम | ठेक्का दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | १/०७५/०७६ | **ढुङ्गा, गिट्टी र बालुवा ठेक्का बन्दोबस्त सम्बन्धि** | ८,२५,००० | १००० | २१,४५० |

आठबीस नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
राकमकर्णाली दैलेख

**बोधार्थ**

श्री सुचना प्रविधि शाखाः वेबसाईटमा अपलोड गरिदिन हुन ।